# सडक डिभिजन हेटौंडाको सूचना

सडक डिभिजन हेटौंडा, मकवानपुरको कार्यक्षेत्रभित्र पूर्व पश्चिम (महेन्द्र) राजमार्ग (धनसर-लोथर खण्ड), त्रिभुवन राजपथ (सिर्सिया-पथलैया, हेटौंडा भैसे-पालुङ-सोप्याङ्ग खण्ड), हुलाकी राजमार्ग (ठोरी-वीरगंज-कलैया-वरियारपुर-अरुवाखोला पुल खण्ड), मदन भण्डारी राजमार्ग (सिन्धुलीमाडी-हेटौंडा खण्ड), पिलुहवा-मानमत-कलैया-मर्टिहवा सडकका साथै तामागढी-सिम्रौन गढ सडकहरु पर्दछन । राष्ट्रिय लोकमार्गहरु र लोकमार्गहरुमा निर्मित पुलपुलेसा र अन्य संरचनाहरु सरकारी सम्पत्ति हुन । नेपालको संविधानमा सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जस्ता कार्यहरुलाई नागरिकको कर्तव्यको रुपमा समावेश गरिएको छ । माथि उल्लेखित राजमार्गहरुमा तपसिल बमोजिमका कार्यहरु भए गरेको पाईए वा जानकारीमा आएमा सडक डिभिजन हेटौंडाका सूचना अधिकारीको मोवाईल नम्बर ९८५५०७५३११ मा तत्कालै खबर गरी सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने कार्यमा सहयोग पुर्याइदिनुहुन अनुरोध छ ।

- राजमार्गमा आवागमनमा वाधा पुर्याउने कार्य ।
- सडक र सडक संरचनाहरुमा अतिक्रमण, तोडफोड वा हानी नोक्सानी गर्ने कार्य ।
- तोकिएको फासला (ROW) भित्र भवन आदि निर्माण गर्ने कार्य ।
- साईट क्याम्पहरुमा रहेका जग्गा तथा भवनमा अनाधिकृत बसोबास गर्ने ।
- पुल रहेको स्थानमा पुलको तलमाथि दुबैतिर ५००/५०० मिटर भित्र नदीमा उत्खनन गर्ने कार्य ।
- स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा खन्ने तथा भत्काउने कार्य ।
- सार्वजनिक सडकको आवागमनमा वाधा पुग्ने गरी मालबस्तु राख्ने, छोड्ने र फाल्ने कार्य ।
- पदीय दायित्वमा खटिने कर्मचारी/सुपरभाईजर/निर्माण व्यवसायीहरुलाई वाधा पुर्याउने कार्य ।
- सार्वजनिक सडकमा तोकिएको भार वहन क्षमता भन्दा बढी वजनको सवारी चलाउने कार्य ।

डिभिजन प्रमुख